आज मिति २०७८ साल बैशाख ७ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ : २०७७ चैत्र २२ गतेको बैठकका निर्णयहरु उपर समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : ३५औं नगर सभाको मिति तय एवं योजना तर्जुमा प्रक्रियाको कार्य तालिका सम्बन्धमा ।
प्रस्ताव नं.३ : विभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४ : विभिन्न कार्यविधिहरु संशोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ : संगठन तथा व्यवस्थापन प्रतिवेदन, २०७६ लाई अध्यावधिक गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ : क्रमागत योजनाहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.७ : प्रस्तावित बहुउद्देश्यीय भवनको पारस्परिक कोष (Matching fund) सम्बन्धमा ।
प्रस्ताव नं.८ : कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा ।
प्रस्ताव नं.९ : बधाई ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.१० : मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं. ११ : विभिन्न अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १२ : बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १३ : नगरपालकाका ठूला सवारी साधन राख्ने सम्बन्धमा ।
प्रस्ताव नं. १४ : सुरक्षित नागरिक आवासको सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं. १५ : प्रदेशको बजेट सिलिङ्ग सम्बन्धमा ।
प्रस्ताव नं. १६ : जरिवाना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १७ : वडास्तरीय योजना सम्बन्धमा ।
प्रस्ताव नं. १८ : यातायात तथा सञ्चार सुविका उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं. १९ : वडा स्तरीय योजनाको संचित रकमबाट योजना कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं. २० : आ.व. २०७७/०७८ का ०७७ चैत्र मसान्तसम्मको योजनाहरुको प्रगती सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१** : प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/१२/२२ गते बसेको बैठकबाट भएका सम्पूर्ण निर्णयहरुको कार्यान्वयनको अवस्था र प्रगती उपर वृहत रुपमा छलफल गरी समिक्षा गर्दै कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२** : प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको पैतिसौं नगर सभाको बैठक २०७८ आषाढ १० गते बस्ने गरी कार्यक्रम तय गर्ने साथै उक्त नगरसभामा पेश हुने वडा स्तरीय, नगर स्तरीय तथा प्रदेश र केन्द्र स्तरीय योजना तथा कार्यक्रमहरु छनौटको लागि सहभागितात्मक योजना तर्जुमा प्रक्रिया (PMDP) द्वारा टोल स्तरबाट नै योजना छनौट प्रक्रियाको थालनी गरी प्राथमिकता निर्धारण समेत गरी २०७८ जेष्ठ १५ गतेभित्र नगरपालिकामा पठाउन सम्पूर्ण वडा कार्यालयहरुलाई देहाय बमोजिमको बजेट सिलिङ्ग सहितको कार्य तालिका पारित गरी पठाउने निर्णय गरियो ।

(क) आ.व. २०७८।०७९ का लागि प्रस्तावित वडागत बजेट कार्यक्रमको मार्गदर्शन

दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals (SDG) मा आधारित एवं एकीकृत विकास तथा आवधिक योजना कार्यक्रमका आधारमा निम्न लिखित वडागत बजेट कार्यक्रम प्रस्ताव गरिएको छः

(१) प्रत्येक वडाका लागि रु.१ करोड २१ लाखका दरले रु.१६,९४,००,०००।

-प्रत्येक वडाले सामान्यत निम्न आधारमा बजेट बनाउन निर्देशन दिने

**(I) चालु तर्फ :**

| | |
|---|---|
| १) महिला, युवा सिप एवं नेतृत्व विकास | रु.५,००,०००। पाँच लाख, |
| २) वडामा भएका बाटो र नाला सफाई | रु.४,००,०००। चार लाख, |
| ३) शिक्षा/स्वास्थ्य/कृषि/टोल संस्था समन्वय बैठक | रु.३,००,०००। तीन लाख, |
| ४) वडागत धार्मिक/साँस्कृतिक/खेलकुद क्षेत्रमा सहयोग | रु.३,००,०००।- तीन लाख |

५) विपद व्यवस्थापन समेत रु.६,००,०००।- छ लाख

**जम्मा रु.२१,००,०००। (एक्काइस लाख)**

## (II) पूँजीगत तर्फ :

| | |
|---|---|
| १) कृषि प्रवर्द्धन तर्फ | रु.१० लाख |
| २) शिक्षा तर्फ | रु.१० लाख |
| ३) खानेपानी तर्फ/सडक बत्ती | रु.१५ लाख |
| ४) सडक नाला स्तरीकरण | रु.४० लाख |
| ५) सामुदायिक भवन | रु.१५ लाख |
| ६) विविध पूँजीगत योजना | रु.१० लाख |

**जम्मा रु.१,००,००,०००। (एक करोडं)**

व्यास नगरपालिका योजना छनौट सम्बन्धी कार्यतालिका :

- टोल विकास संस्थाका अध्यक्ष, सचिव, विद्यालयका प्रधानाध्यापकहरु, राजनैतिक दलका प्रतिनिधि, अगुवा किसानहरुलाई बैठकमा बोलाई सामाजिक दुरी कायम गरी सुझावहरु लिने २०७८ बैशाख २५ गते भित्र,
- प्राप्त सुझावहरुका आधारमा प्रस्तावित बजेट तयार गरी २०७८ जेठ १५ गते भित्र न.पा. योजना कार्यान्वयन इकाइमा पेश गर्ने,
- प्रस्तावित योजनाहरु २०७८ जेठ २५ गते भित्र योजना कार्यान्वयन इकाईबाट एकीकृत गर्ने,
- संघ, प्रदेशको बजेट पछाडि नगर स्तरीय योजनाहरु छनौट गर्ने २०७८ असार ५ गते भित्र,
- २०७८ असार १० गते नगर सभामा बजेट, नीति तथा कार्यक्रम पेश गर्ने,
- नगर स्तरीय योजनाहरुमा अत्यावश्यक योजनाहरुको प्राथमिकता तोकेर बढीमा ७ वटा योजना प्रस्ताव गर्ने,
- सबै वडाहरुले संघ स्तरीय ५ वटा र प्रदेश स्तरीय ५ वटा योजनाहरु संघ, प्रदेशमा माग गर्नका लागि छनौट गरी पठाउने ।

**निर्णय नं.३** : प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका देहाय बमोजिमका कार्यविधीहरु पारित गर्ने निर्णय गरियो ।

(क) नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधी, २०७८,
(ख) व्यास नगरपालिका आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली, २०७८,

**निर्णय नं.४** : प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले विभिन्न मितिमा पारित गरी कार्यान्वयन गर्दै आइएका देहाय बमोजिमका कार्यविधीहरुमा कार्यान्वयनको क्रममा भएको व्यवहारिक अभ्यास एवं कानूनी आवश्यकतालाई मध्यनजर गरी निम्नानुसार हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**१."व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविवि २०७७"**

| क्र.सं. | दफा | उपदफा | विद्यमान प्रावधान | संशोधन गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १. | ५.उत्खनन अनुमति पत्रको लागि आवश्यक योग्यदा | (ङ) | वन कार्यालयको सिफारिस | स्थानीय सामुदायिक वनको सिफारिस वा आवश्यकता अनुसार जिल्ला वन कार्यालयको सिफारिस | |

**२. "व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत-पत्र नियमित गर्ने कार्यविधि २०७७"**

| क्र.सं. | दफा | उपदफा | विद्यमान प्रावधान | संशोधन गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १. | अनुसूचि २ "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता | १. आर्थिक क्षमता | प्राइभेट वा पव्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा दश लाख रुपैयाँ चालु पूँजी देखाई कम्पनी रजिष्टरको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको प्रवन्ध पत्र हुनुपर्नेछ । | प्राइभेट वा पव्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा कम्पनी रजिष्टरको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय मध्ये कम्तिमा कुनै एक कार्यालयमा दर्ता भएको प्रमाण पत्र हुनुपर्नेछ । | |

**निर्णय नं.५** : प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको संगठनात्मक स्वरुपलाई समय सापेक्ष हुने गरी अद्यावधिक गर्नुपर्ने अवस्था सिर्जना भएको हुनाले यस नगरपालिकाको स्थानीय तह तर्फका कर्मचारीहरुको प्रस्तावित समायोजन प्रक्रिया समेतलाई मध्यनजर गरी यस नगरपालिकाको ३२ औं नगर सभाद्वारा स्वीकृत व्यास नगरपालिका संगठन तथा व्यवस्थापन प्रतिवेदन, २०७६ लाई यस नगरपालिकाको आवश्यकता र औचित्य बमोजिम अद्यावधिक हुने गरी सोको संशोधन प्रस्ताव तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देलको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | – संयोजक |
| वरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कंचन जि.सी. | – सदस्य |
| वरिष्ठ अधिकृत श्री राजेन्द्र कार्की | – सदस्य |
| कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले | – सदस्य |
| शाखा अधिकृत श्री मेघनाथ आचार्य | – सदस्य सचिव |

**निर्णय नं.६** : प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा विभिन्न मितिमा सम्झौता भई सञ्चालनमा रहेका क्रमागत योजनाहरु मध्ये उपभोक्ता समितिद्वारा सञ्चालित तथा ठेक्का प्रक्रियाबाट सञ्चालनमा रहेका कतिपय योजनाहरुको म्याद समाप्त भईसकेको हुँदा त्यस्ता योजनाहरुको हकमा अन्तिम पटकको लागि २०७८ जेष्ठ १५ गतेसम्मको लागि सम्झौताको म्याद थप गरी योजना सम्पन्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७** : प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा कार्यालय परिशरको उत्तर तर्फ (पुरानो कार्यालय भवन रहेका स्थानमा) नगर विकास कोषको अनुदान एवं ऋण सहयोगमा निर्माण प्रस्ताव गरिएको वहुउद्देश्यीय भवनको रू.२८,८५,४४,५३०/- लागत सहितको बृहत आयोजना प्रस्ताव (DPR) कार्यान्वयनको लागि नगर विकास कोषमा आयोजना प्रस्ताव तयार गरी पेश गरिएकोमा नगर विकास कोषबाट आयोजना स्वीकृत भई आएकोले उल्लेखित लागतमा यस नगरपालिकाले ३०% पारस्परिक कोष (Matching fund) व्यहोर्ने गरी उपयुक्त समयमा आयोजना कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.८** : प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा विगत केही समय यता पुनः कोभिड- १९ को प्रकोप महामारीको रुपमा देशभर फैलिरहेको हुँदा सम्पूर्ण नगरबासीहरुमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पुरा गरी सावधानी र सतर्कता अपनाउन हार्दिक अनुरोध गर्ने साथै यसको रोकथाम नियन्त्रण तथा उपचारको गाम्भिर्यतालाई मध्यनजर गरी उद्योग वाणिज्य संघ, जिल्ला र दमौली बजार इकाई, सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरु, सुरक्षा निकायका प्रमुखहरु, स्थानीय प्रशासन, सञ्चारकर्मीहरु, उपभोक्ताका प्रतिनिधि लगायत विभिन्न व्यवसायी संघ/संस्थाहरुका प्रतिनिधीहरु समेतको छलफल र परामर्शमा आवश्यक निर्णय लिने निर्णय गरियो ।

**<u>निर्णय नं.९</u>** : प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारले राष्ट्रसेवकका रुपमा उत्कृष्ट कार्य सम्पादन गरेवापत कर्मचारीहरुलाई प्रदान गर्ने जनसेवा श्री चतुर्थ पदकबाट विभुषित हुनु भएकोमा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देललाई बधाई ज्ञापन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१०</u>** : प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको व्यास नगर विकास समितिको रिक्त रहेको सदस्य पदमा यस व्यास नगरपालिका वडा नं. २ निवासी तनहुँ उद्योग वाणिज्य संघका निवर्तमान प्रथम उपाध्यक्ष श्री वैकुण्ठ मिश्रलाई मनोनयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.११</u>** : प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | अम्रेनी अधुरो खानेपानी योजना | १ | २,५०,०००।०० | १२२ |
| २. | गल्वुवेंशी टोल सृजनसिल मार्ग नाला निर्माण | १ | २,८०,०००।०० | १४१ (टेण्डरबाट बाँकी) |
| ३. | हाइस्कुलटार सडक बत्ती जडान | १ | १,१५,०००।०० | ११९ |
| ४. | तनहुँ कृषि सहकारी संघ कार्यक्रम सहयोग | २ | ८०,०००।०० | ३६ |
| ५. | नागकुवा नाग मन्दिर संरक्षण | २ | १,४०,०००।०० | १२२ |
| ६. | राष्ट्रपति रनिङ्ग सिल्ड विद्यार्थी जर्सी खरिद | ३ | ९८,८००।०० | ६१ |
| ७. | जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँ, बोर्ड निर्माण | ३ | १,००,०००।०० | विविध फुटकर चालु |
| ८. | परिवार सेवा समाज, विचार गोष्ठी सहयोग | ३ | २५,०००।०० | ५२ |
| ९. | बागबजार टोल, नाला मर्मत सरसफाई | ४ | ४०,०००।०० | मर्मत संहार |
| १०. | मसुरी कामी, घर आगलागी राहत | ५ | २०,०००।०० | विपद |
| ११. | लाङ्घाली मगर महिला समाज, शौचालय निर्माण रानीटारी | ५ | १,००,०००।०० | १४६ |
| १२. | मानहुँकोट भ्यूटावरको भित्री भागमा शौचालय निर्माण | ५ | १,५२,८०२।०० | |
| १३. | लाल बहादुर श्रेष्ठ, घरखेत संरक्षण | ६ वरादी | ५०,०००।०० | विपद |
| १४. | गलेखामकोट चैंते दशैं पूजा व्यवस्थापन | ६ | २५,०००।०० | ७४ |
| १५. | शान्तिदीप युवा क्लव चैते दशैं खेलकूद व्यवस्थापन | ६ | ५०,०००।०० | ३९ |
| १६. | अमृत आधारभुत विद्यालय संरक्षण | ६ | २,००,०००।०० | विपद |
| १७. | चिसापानी टारी कुलो मर्मत | ६ | ५०,०००।०० | मर्मत संहार |
| १८. | विश्वनाथ न्यौपाने, खेत संरक्षण कुलो मर्मत | ६ | ३०,०००।०० | विपद |
| १९. | सतिशचन्द्र न्यौपाने, उपचार | ७ | ३०,०००।०० | ९० |
| २०. | कलेस्ती बजार व्यवस्थापन तार खरिद | ७ | ५०,०००।०० | ११९ |
| २१. | घिमिरेफाँट खानेपानी योजना कार्यक्रम | ७ | २,२५,०००।०० | ११२ |
| २२. | क्यामिनकोट मा.वि. संरक्षण | ७ | १,५०,०००।०० | विपद |
| २३. | कुमाल भवन निर्माण सहयोग | ७ | १,००,०००।०० | ६५ |
| २४. | दुलैपानी गलमखोला सुगाठोडे कुलो मर्मत | ७ | ४०,०००।०० | मर्मत संहार |
| २५. | लम्साल डिही कुलो मर्मत | ७ | ६०,०००।०० | मर्मत संहार कोष |
| २६. | बविता सुवेदी, उपचार खर्च सहयोग | ८ | ३०,०००।०० | ९० |
| २७. | देउरालीडाँडा खानेपानी पाइप खरिद | ९ | ३०,०००।०० | १२२ |
| २८. | पुत्लेघारी बाँध निर्माण | ९ | २५,०००।०० | विपद |
| २९. | विष्णुहरी न्यौपाने, पाइप खरिद | १० | २०,०००।०० | १२२ |
| ३०. | रानीगाउँ भोटेखोला बस्ती संरक्षण | ११ | ७५,०००।०० | विपद |

| | | | | |
|---|---|---|---|---|
| ३१. | जामुनेटोल व्याडमिण्टन खेल प्रतियोगीता कार्यक्रम सहयोग | ११ | ५०,०००।०० | ३९ |
| ३२. | चण्डेश्वरी आधारभुत विद्यालय संरक्षण | ११ | १,५०,०००।०० | विपद |
| ३३. | इन्द्रदेवी पन्थ, वोयर बोका मरेकाले क्षतिपूर्ति | १३ | १५,०००।०० | |
| ३४. | निउरोघारी खानेपानी योजना | १३ | १,००,०००।०० | |
| ३५. | शान्तिमिलन टोल रुम्सीडी, साङखोला पाहार्दी खानेपानी | १३ | ६०,०००।०० | १२२ |
| ३६. | कुलुङ दुहमश्वाँरा खानेपानी | १४ | ९०,०००।०० | १२२ |
| ३७. | मादीनदी एकीकृत विकास परियोजना अध्ययन यातायात खर्च | | १,००,०००।०० | १५३ |
| ३८. | दमकल जनशक्ति एवं सुरक्षा व्यवस्थापन | | १,५०,०००।०० | विपद |
| ३९. | सुकुम्बासी आयोग, कोठा निर्माण | | ३,०७,६९५।०० | |

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भई आए अनुसार देहाय बमोजिमका बोलपत्र/दरभाउपत्र पेश गर्ने निर्माण व्यवसायी एवं आपूर्तिकर्ता फर्महरुको नाउँमा बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | ठेगाना | बोलपत्र/दरभाउपत्र पेश गर्ने फर्मको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | वडा कार्यालय अधुरो भवन निर्माण योजना | व्यास १ | पासा कन्स्ट्रक्सन, शुक्लागण्डकी ३, तनहुँ | |
| २. | विपन्न परिवारका लागि जस्तापाता खरिद कार्यक्रम | व्यास ५ | श्री गण्डकी हार्डवयर, व्यास २ तनहुँ | |

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालयको स्वामित्वमा रहेका सरसफाई उपकरणहरु लगायत अन्य विभिन्न साना-ठूला सवारी साधनहरुको पार्किङ्गको लागि यस कार्यालय परिशर भित्र पार्किङ्ग सेड निर्माण गर्न जग्गा नपुग भएको र सो को स्थायी रुपमा समस्या समाधान गर्नको लागि आवश्यक जग्गा व्यवस्थापन नहुँदासम्मको लागि जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको पुरानो प्रशासन कार्यालयदेखि पूर्व तर्फको जग्गा १० बर्षको लागि भाडामा उपलब्ध गराईदिन जिल्ला समन्वय समिति तनहुँमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा सुरक्षित नागरिक आवासका लागि छनौट भएका निम्नानुसार वडागत तथ्याङ्क अनुसारमा घर छाउने व्यक्तिहरुलाई कार्यविधीको प्रकृया अनुसार सम्झौता गर्न २०७८/१/२२ गतेसम्मको लागि १५ दिने म्याद दिने र उक्त म्यादभित्र सम्झौता गर्न नआएमा वैकल्पिक सूचीबाट कमशः सम्झौता गराउने निर्णय गरियो । साथै नपुग हुने रकम केन्द्रिय सुरक्षित नागरिक आवास समन्वय समितिमा माग गरी पठाउने निर्णय गरियो ।

| क.सं. | वडा नं. | प्राप्त संख्या | वैकल्पिक | कैफियत |
|---|---|---|---|---|
| १. | १ | ९ | | |
| २. | ५ | ४८ | १७ | |
| ३. | ६ | ४७ | ५९ | |
| ४. | ७ | १५ | १० | अघिल्लो वर्ष लिएको |
| ५. | ८ | ३३ | | |
| ६. | ९ | २३ | | |
| ७. | १० | ५२ | | |

| | | | | |
|---|---|---|---|---|
| ८. | ११ | ६ | | |
| ९. | १२ | ३१ | २ | RCC घर, भुकम्पबाट लिएको |
| १०. | १३ | १२ | | |
| ११. | १४ | ३२ | | |
| **जम्मा :** | | **३०८** | | |

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आ.व. २०७८/०७९ का लागि निम्नानुसार बजेट सिलिङ्ग प्राप्त भएको हुँदा यसलाई समेत आधार मानी आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्ने निर्णय गरियो ।

(क) वित्तिय समानीकरण अनुदान – २ करोड ४४ लाख ७८ हजार ।

(ख) अनुमानित सवारी साधन कर बाँडफाँड – १ करोड ७४ लाख ७५ हजार मात्र ।

**जम्मा ४ करोड १९ लाख ५३ हजार ।**

**निर्णय नं.१६** : प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा वडा नं.१३, १४ अन्तर्गत पर्ने सेतीमादी घाटको नदिजन्य पदार्थ उत्खनन् एवं विक्रीको ठेक्का प्राप्त श्री सावित्री निर्माण सेवा, पोखराले यस नगरपालिकासँग भएको सम्झौताको प्रकरण विपरित हेभी ईक्वीपमेन्ट प्रयोग गरी नदिजन्य पदार्थ उत्खनन् गरेको हुँदा उल्लेखित फर्मलाई एकमुष्ट रू.५,००,०००।- (पाँच लाख रुपैंया) जरिवाना गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ :** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ द्वारा नगरस्तरीय योजना अन्तर्गत आर्थिक वर्ष २०७७/०७८ का लागि कृषि तथा पशुपालन सम्बन्धी फुटकर योजनाहरु तर्फ विनियोजित रकम रू.२,००,०००।- (दुई लाख) बाट सोही वडा अन्तर्गतको कृषि संकलन केन्द्रको अधुरो भवन सम्पन्न गर्ने साथै संकलन केन्द्र अगाडीको नाला एवं स्ल्याव निर्माण समेतको कार्य गर्ने गरी निर्माण प्रक्रिया अगाडी बढाउन कार्यालय निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८ :** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा भुमिहिन सुकुम्वासी, भुमिहिन दलित तथा अव्यवस्थित बसोवासीहरुको लगत संकलनार्थ नियुक्ति गरी वडा कार्यालयहरुमा खटाईएका तथ्याङ्क संकलनहरुलाई २ महिना अवधिसम्मको मासिक रू.१,०००।- (एक हजार रुपैंया) का दरले हुन आउने एकमुष्ट रकम रू.२,०००।- (दुई हजार रुपैंया) यातायात तथा सञ्चार खर्च वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९** : प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ को लागि वडास्तरीय योजनामा विनियोजित रकम मध्ये ठेक्का प्रकियाद्वारा कार्यान्वयन भएका विभिन्न योजनाहरुको घटी घटाउबाट संचित हुन आउने रकम मध्येबाट सोही वडाको भादगाउँ टोल अन्तर्गत बुद्धिलाल श्रेष्ठको घरदेखि दशरथ पाण्डेको घरसम्मको पक्की नाला निर्माण गर्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२० :** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा आ.व. २०७७/०७८ को कुल ११७४ वटा योजनाहरु मध्ये हालसम्मको अवधीमा ६३७ वटा योजनाहरु सम्पन्न भईसकेको साथै ४११ वटा योजनाहरु सम्झौता भई निर्माण कार्य भईरहेको र १२६ वटा योजनाहरु हालसम्म पनि सम्झौता नभएको तथ्याङ्क सहित योजना शहरी पूर्वाधार तथा प्राविधिक शाखाबाट प्राप्त प्रगती विवरण उपर समिक्षा गर्दै निर्माणाधिन योजनाहरु यथासमयमा नै सम्पन्न गराउन साथै सम्झौता नभएका योजनाहरुको हकमा अविलम्ब सम्झौता गराउने व्यवस्था मिलाउन सम्बन्धित वडा कार्यालय र पूर्वाधार तथा प्राविधि शाखालाई निर्देशन दिने निर्णय गरियो ।